# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०४।०८ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला पाल्पा, खेलकुद विकास समितिको अध्यक्षसमेतले आ.व. २०७३।०७४ र २०७४।०७५ मा फर्जी कागजात तयार गरी रकम भुक्तानी दिई भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा पाल्पा जिल्ला, स्थित रामपुर बहुउद्देश्यीय कभर्डहलको निर्माणमा पाल्पा जिल्ला, खेलकुद विकास समितिका तत्कालीन कार्यालय प्रमुख तारा बहादुर थापा र समितिका तत्कालीन अध्यक्ष करूणा काफ्लेले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख भएको प्रावधानविपरीत Detailed Project Report (DPR) जस्तो गहन तथा सुक्ष्म अध्ययन हुनुपर्नेमा सो नगरी फिनेश इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.सँग अति संक्षिप्त रूपको परामर्श सेवा खरिद सम्झौता गरेको, Detailed Project Report (DPR) पेश गरेपछि मात्र भुक्तानी दिनुपर्ने रु.९,९०,०००।- उक्त Detailed Project Report (DPR) नै पेश नगरी Inception Report लाई नै Detailed Project Report भनी फिनेश इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लिका प्रोप्राइटरले पेश गरेको झुठा विल भरपाईको आधारमा वदनियतपूर्वक फिनेश इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.का प्रोप्राइटरहरू सन्देश पाण्डे र झपेन पाण्डेलाई लाभ र नेपाल सरकारलाई हानी पुऱ्याउने उद्देश्यले निजहरु करूणा काफ्ले र तारा बहादुर थापाले भुक्तानी दिएको हुँदा निजहरुको उक्त कसुर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर भएकोले निजहरु तत्कालीन पाल्पा जिल्ला, खेलकुद विकास समितिका अध्यक्ष करूणा काफ्ले र तत्कालीन पाल्पा जिल्ला, खेलकुद विकास समितिका कार्यालय प्रमुख तारा बहादुर थापालाई विगो रू.९,९०,०००।- (नौ लाख नब्बे हजार रूपैया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय तथा विगो बमोजिम जरिवाना गरी उक्त विगो असुल उपर हुन मागदावी लिइएको छ ।

साथै, परामर्शदाता कम्पनी फिनेश इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.का प्रोप्राइटरहरू सन्देश पाण्डे र झपेन पाण्डेले पाल्पा जिल्ला, खेलकुद बिकास समितिमा Inception Report मात्र पेश गरी आफूले सम्पन्न गर्नुपर्ने Detailed Project Report (DPR) को कार्यसम्पन्न नगरी आफूलाई गैरकानूनी लाभ हुने र नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याउने बदनियतले पाल्पा जिल्ला, खेलकुद विकास समितिसँग गरेको सम्झौता तथा स्वीकार गरेको शर्त विपरीत रू.९,९०,०००।- भुक्तानी लिइएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर भएको हुँदा निजहरु फिनेश इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.का प्रोप्राइटरहरु सन्देश पाण्डे र झपेन पाण्डेलाई उक्त ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी ऐ. ऐनको ऐ. दफा ८ को उपदफा (४) बमोजिम विगो रू.९,९०,०००।- (नौ लाख नव्वे हजार रुपैयाँ) समेत निजहरूबाट जफत गरी पाउन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता  
श्याम प्रसाद भण्डारी